**सेट-ग**

**बिषय कोडःSol ००५**

**कक्षाः १२**

**बिषयः सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा**

**समयः ३ घन्टा** **पूर्णाअंकः ७५**

**समूह 'क'**

**अति छोटो उत्तर आउने प्रश्नहरु ( ११X १=११)**

१. सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षाको कुनै एक आवश्यकता उल्लेख गर्नुहोस् ।
२. किशोरावस्था भनेको के हो ?
३. एउटा Blank Spreadsheet को नमुना बनाउनुहोस् ।
४. सह सम्बन्धको परिभाषा उल्लेख गर्नुहोस् ।
५. नेपाललाई कति वटा जिल्ला, प्रदेश र स्थानीय तहमा विभाजन गरिएको छ । उल्लेख गर्नुहोस् ।
६. तपाइले देखेको समतामुलक समाजनिर्माण गर्नका लागि आवश्यक पर्ने कुनै दुई उपायहरु उल्लेख गर्नुहोस् ।
७. प्रदेश र स्थानीय तहका सरकारहरुका मुख्य एक/एक अधिकारहरु उल्लेख गर्नुहोस् ।
८. बौद्धिक पलायन रोक्न के के गर्न सकिन्छ ? कुनै दुई उपायहरु उल्लेख गर्नुहोस् ।

९. BIMSTEC को पुरा रुप के हो ?

१० .सूचनाको हक भनेको के हो ? नेपालको संविधानको कति धारामा सूचनाको हक सम्बन्धी व्यवस्था गरिएको छ ।

११ .नेपालको आप्रवासी कामदारले भोग्नु परेका कुनै दुई ओटा समस्याहरु लेख्नुहोस् ।

**समूह 'ख'**

**छोटोउत्तरआउनेप्रश्नहरु** ( ८ X ५=४०)

१२ .आत्म आलोचना र स्वरूपान्तरणको महत्वका विषयमा एक सम्पादकीय तयार गर्नुहोस् ।

अथवा

तथ्याङ्कको प्रश्तुती करणका सम्बन्धमा दुईजना साथीबिच भएको एक सम्वाद तयार गर्नुहोस् ।

१३ .प्रविधिको विकास र सामाजिक सञ्जालको बढ्दो प्रयोगले मानिसको जीवनमा पारेका सकारात्मक र नकारात्मक असरहरु उल्लेख गर्नुहोस् ।

१४ .अन्तर प्रदेश परिषद्को आवश्यकता उल्लेख गर्दै अन्तर परिषदमा को-को रहने व्यवस्था छ लेख्नुहोस् ।

१५ .नेपालको आधुनिक कालको राजनीतिक इतिहासका सकारात्मक र नकारात्मक अवस्थालाई तालिकामा देखाउनुहोस् ।

१६ .लिङ्ग र लैङ्गिकता बिचको फरक छुट्याउनुहोस् ।

१७ .नागरिक कर्तव्यको परिभाषा गर्दै नेपालको संविधानले उल्लेख गरेका नागरिक कर्तव्यहरु उल्लेख गर्नुहोस् ।

१८ .स्मार्ट सिटीको अवधारणा उल्लेख गर्दै स्मार्ट सिटीको महत्वको बारेमा चर्चा गर्नुहोस् ।

१९ .वैदेशिक व्यापार भनेको के हो? नेपालको वैदेशिक व्यापार घाटालाई कम गर्न चाल्नु पर्ने कदमहरु उल्लेख गर्नुहोस् ।

अथवा

"शिक्षाले सास्कृतिक अन्तर घुलन बढाउँछ" भन्ने विषयलाई पुष्टी गर्नुहोस् ।

**समूह 'ग'**

**लामोउत्तरआउनेप्रश्नहरु** ( ३ X ८=२४)

२० .सामाजिक अध्ययन अनुसन्धानको प्रस्तावनाको संरचनालाई छोटकरिमा व्याख्या गर्नुहोस् ।

२१ .विपतको अर्थ र परिभाषा उल्लेख गर्नुहोस् । साथै विपतका कारणहरु केके हुन सक्दछ . चर्चा गर्नुहोस् ।

अथवा

नेपालमा अपाङ्गता भएका व्यक्तिका लागि समावेशीकरणका लागि के कस्ता प्रयासहरु भएका छन् उल्लेख गर्नुहोस् ।

२२ .नेपालको गरिबी चक्र र गरिबी सम्बोधनका उपायका सन्दर्भमा राष्ट्रिय योजना आयोगका उपध्यक्षसँग एक टेलिभिजनका पत्रकारले लिएको अन्तर्वाता प्रस्तुत गर्नुहोस् ।